# सामुदायिक सिकाइ केन्द्रको सक्षमतासम्बन्धी सहजीकरण पुस्तिका, २०८२

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

# सामुदायिक सिकाइ केन्द्रको सक्षमतासम्बन्धी सहजीकरण पुस्तिका, २०८२

## १. पृष्ठभूमि

सामुदायिक सिकाइ केन्द्र (Community Learning Centre – CLC) नेपालमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ प्रवर्द्धन गर्ने एक महत्त्वपूर्ण संस्था हो। शिक्षा प्राप्त गर्ने औपचारिक (Formal), अनौपचारिक (Non-Formal) र अरीतिक (Informal) माध्यममध्ये **सामुदायिक सिकाइ केन्द्र**बाट अनौपचारिक शिक्षा प्राप्त गर्न सकिन्छ। युनेस्कोको परिभाषाअनुसार सामुदायिक सिकाइ केन्द्र समुदायमै स्थापना गरिने, समुदायद्वारा सञ्चालित, स्वायत्त र बहूद्देश्यीय स्थानीय शैक्षिक संस्था हो । सामुदायिक सिकाइ केन्द्रले औपचारिक शिक्षाको अवसरबाट वञ्चित भएका बालबालिका, किशोरकिशोरी, प्रौढ, महिला, दलित, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक, सीमान्तकृत तथा पछाडि परेका समुदायका नागरिकहरूलाई सिकाइको पहुँच सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्। साथै प्रौढ साक्षरता, साक्षरोत्तर शिक्षा, निरन्तर शिक्षा, जीवनोपयोगी सिप, आयआर्जन, नागरिक चेतना, स्वास्थ्य, वातावरण र डिजिटल साक्षरतालगायतका कार्यक्रममार्फत सामुदायिक सिकाइ केन्द्रहरूले समुदायको सामाजिक र आर्थिक सशक्तीकरणमा योगदान पुऱ्याउँदै आएका छन्।

नेपालमा सामुदायिक सिकाइ केन्द्रको अवधारणा विकास वि.सं. २०३७ मा सेती परियोजनाअन्तर्गत १५४ ओटा ग्रामीण अध्ययन केन्द्र स्थापना भएसँगै भएको पाइन्छ। त्यसपछि आधारभूत तथा प्राथमिक शिक्षा परियोजनामा सामुदायिक सिकाइ केन्द्रले संस्थागत रूप ग्रहण गऱ्यो। दसौँ पञ्चवर्षीय योजनामा प्रत्येक निर्वाचन क्षेत्रमा एक एक सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने लक्ष्यसहित २०५ ओटा केन्द्र सञ्चालन गर्ने योजनाबद्ध प्रयास भएको देखिन्छ । हाल देशभरिमा सरकारी अनुदान पाउने २,१५१ ओटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालनमा रहेका छन्।

सामुदायिक सिकाइ केन्द्र स्थानीय तहको वडा कार्यालयअन्तर्गतको प्रमुख सूचना केन्द्रको रूपमा समेत रहेको छ। केन्द्र स्थानीय तहमा स्थापना भएको स्वायत्त, अविछिन्न उत्तराधिकारवाला, स्वशासित र नाफारहित संस्था हो। सङ्घीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, कार्यान्वयन र व्यवस्थापनमा स्थानीय तहको भूमिका थप सुदृढ भएको वर्तमान सन्दर्भमा सामुदायिक सिकाइ केन्द्रहरूको सञ्चालन, व्यवस्थापन र गुणस्तरमा एकरूपता र प्रभावकारिता आवश्यक देखिएको छ । अर्कोतर्फ सामुदायिक सिकाइ केन्द्रहरूको संस्थागत क्षमता, मानव संसाधन, कार्यक्रमको प्रभावकारिता, भौतिक पूर्वाधार तथा वित्तीय व्यवस्थापनमा उल्लेखनीय विविधता देखिन्छ। कतिपय सामुदायिक सिकाइ केन्द्रहरू प्रभावकारी रूपमा सञ्चालन भइरहेका छन् भने कतिपय न्यूनतम सेवा प्रदान गर्न समेत सकिरहेका छैनन्। यसले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको गुणस्तर, सान्दर्भिकता र दिगोपनामा चुनौती सिर्जना गरेको छ।

उल्लिखित पृष्ठभूमिमा सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७८ लाई प्रभावकारी कार्यान्वयनका लागि सामुदायिक सिकाइ केन्द्रले पूरा गर्नुपर्ने न्यूनतम पूर्वाधार, हासिल गर्नुपर्ने सक्षमता, कार्यगत प्रभावकारिता र गुणस्तरीयताका सम्बन्धमा थप स्पष्ट गर्न यो पुस्तिका तयार गरिएको हो । यस सहजीकरण पुस्तिकाले सामुदायिक सिकाइ केन्द्रलाई प्रदान गरिँदै आएको अनुदानको प्रभावकारी कार्यान्वयन र नवीनतम तथा परिणामुखी कार्यक्रम सञ्चालनमा सहयोग गर्ने छ। साथै उत्कृष्ट कार्य सम्पादन गर्ने सामुदायिक सिकाइ केन्द्रहरूलाई प्रोत्साहन स्वरूप थप अनुदान र अपेक्षितभन्दा कम कार्य सम्पादन गरिरहेका सामुदायिक सिकाइ केन्द्रहरूलाई न्यूनतम अनुदानको व्यवस्था गर्न सहयोग गर्ने अपेक्षा गरिएको छ। साथै यसले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (Gender Equality and Social Inclusion-GESI), आपत्कालीन अवस्था तथा सङ्कट प्रतिकार्यशीलता (Resilience), जलवायु

परिवर्तन संवेदनशीलता र स्थानीय आवश्यकतामा आधारित कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्दा समायोजित रूपमा सञ्चालन गर्न समेत सहजीकरण गर्ने छ ।

यो सहजीकरण पुस्तिका राष्ट्रिय शिक्षा नीति २०७६, दिगो विकास लक्ष्य (SDG–4), विद्यालय शिक्षा क्षेत्र योजना (SESP) ले गरेको व्यवस्था र युनेस्कोको प्रौढ सिकाइ र शिक्षा (Adult Learning and Education) सम्बन्धी सिफारिसको मूल्यमान्यताअनुरूप तयार गरिएको हो । यसले स्थानीय तहलाई योजना निर्माण, स्रोत विनियोजन, अनुगमन तथा मूल्याङ्कनमा स्पष्ट मार्गदर्शन प्रदान गर्ने छ । साथै सामुदायिक सिकाइ केन्द्रलाई स्वमूल्याङ्कन गरी सुधार गर्न, लक्ष्य उन्मुख हुन र दिगोपना कायम गर्न गराउन आधार प्रदान गर्ने छ । अन्ततः सामुदायिक सिकाइ केन्द्रलाई अनौपचारिक तथा आजीवन सिकाइ केन्द्र (Lifelong Learning Hub) को रूपमा सुदृढ र संस्थागत गर्न यो सहजीकरण पुस्तिकाले योगदान गर्ने अपेक्षा गरिएको छ ।

## २. औचित्य

सामुदायिक सिकाइ केन्द्रले भौगोलिक, सामाजिक र आर्थिक असमानताका कारण शिक्षा, सिप र रोजगारीका अवसरबाट वञ्चित नागरिकका लागि पहुँच र समान अवसर सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । यसका लागि सामुदायिक सिकाइ केन्द्रको प्रभावकारी सञ्चालनका साथै परिचालक (Facilitator) र सामुदायिक सिकाइ केन्द्रको न्यूनतम सक्षमताको अवस्था (Minimum Enabling Status) पहिचान गर्दै सुनिश्चित गर्नु अत्यावश्यक हुन्छ ।

यसरी सामुदायिक सिकाइ केन्द्रको न्यूनतम सक्षमता र अपेक्षित अवस्था पुऱ्याउन विभिन्न आयामहरूमा हेर्नुपर्ने हुन्छ । पहिलो, परिचालकको दक्षता अभिवृद्धि नगरी कार्यक्रमहरू सञ्चालन गर्दा सिकाइ कार्यक्रमहरू प्रभावकारी हुन सक्दैनन् । योग्य, सक्षम र कुशल परिचालक नभएसम्म सामुदायिक सिकाइ केन्द्रबाट प्रवाह हुने कार्यक्रमहरूमा समुदायको संलग्नता, शैक्षिक कार्यक्रम, सिकाइ सत्रहरूको गुणस्तर र सिकारुको सिकाइ उपलब्धिको अवस्था कमजोर हुन्छ । जसले प्रत्यक्ष सहभागी बालबालिका, किशोरकिशोरी, महिला, दलित, सीमान्तकृत र अपाङ्गता भएका व्यक्तिहरूको पहुँच, संलग्नता र टिकाउ गराएर उपलब्धि हासिल गर्न चुनौतीपूर्ण हुन्छ । दोस्रो, सामुदायिक सिकाइ केन्द्रको न्यूनतम सक्षमताको अवस्था सुनिश्चित नगरी सञ्चालन गर्दा समुदायको साझा संस्था, स्थायित्व, समावेशी समतामूलक गुणस्तरीय सेवाको निरन्तरता सम्भव हुँदैन । भौतिक पूर्वाधार, सिकाइमैत्री सामग्री, बजेट, व्यवस्थापन समिति र अनुगमन प्रणालीको अभावमा सामुदायिक सिकाइ केन्द्रको दिगोपन, समुदायको संलग्नता, स्वामित्व ग्रहण र अन्य शैक्षिक प्रणालीसँगको समन्वय, सहकार्य र साझेदारीका साथ अगाडि बढ्नका लागि ज्यादै नै चुनौतीपूर्ण हुन्छ । तेस्रो, सामुदायिक सिकाइ केन्द्रको सक्षमता विकास कार्यक्रम, नीति, योजना र अनुगमन प्रणालीसँग सम्बन्धित छ । यसले स्थानीय तह र साझेदार संस्थालाई स्पष्ट दिशा, मापदण्ड र गुणस्तर सुनिश्चित गर्ने आधार प्रदान गर्छ । सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापनमा एकरूपता, समानता, समावेशिता, वित्तीय पारदर्शिता र जवाफदेही सुनिश्चित गर्न यस सहजीकरण पुस्तिकाले मार्गदर्शन गर्छ । यसले सबैका लागि शिक्षाको पहुँच, साक्षरता र जीवनोपयोगी सिप तथा कार्यक्रमहरूमा प्रभावकारिता र परिणाममूलक मूल्याङ्कन गर्न पनि सहयोग गर्छ । साथै सामुदायिक सिकाइ केन्द्र र परिचालकको क्षमता विकास, दैनिक कार्य सम्पादन, योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन जस्ता पक्षमा स्पष्ट मानक र मार्गदर्शन प्रदान गर्ने छ ।

## ३. शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड) बाट भएको अध्ययनका मुख्य प्राप्ति

सामुदायिक सिकाइ केन्द्रको अवस्था र प्रभावकारिता सम्बन्धमा शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड) ले अध्ययन गरी २०८२ असारमा प्रकाशन गरेको प्रतिवेदनमा सामुदायिक सिकाइ केन्द्रको विद्यमान अवस्था र सुधारका लागि केही महत्त्वपूर्ण सुझाव सिफारिस गरेको छ । उक्त प्रतिवेदनमा प्रमुख क्षेत्र र प्राप्ति देहायबमोजिम रहेका छन् :

| क्षेत्र | प्रमुख प्राप्ति (Major Findings) |
|---|---|
| पूर्वकार्यको समीक्षा | • सामाजिक विकासको संवाहकका रूपमा सामुदायिक सिकाइ केन्द्र |
| | • साक्षरतासहित सामाजिक तथा आर्थिक कार्यक्रमहरू सञ्चालन |
| | • सामुदायिक सिकाइ केन्द्रका चुनौतीः दिगोपन, स्रोत व्यवस्थापन र गुणस्तर |
| | • सञ्जाल, सहकार्य र संस्थागत सहयोगको कमी |
| भौतिक तथा प्रविधि अवस्था | • भौतिक पूर्वाधार कमजोर |
| | • न्यूनतम मापदण्ड पूरा नभएका सामुदायिक सिकाइ केन्द्रहरू |
| | • डिजिटल उपकरण र कनेक्टिभिटीको कमी |
| कार्यक्रमको अवस्था | • सीमित कार्यक्रमहरू मात्र, नवप्रवर्तनात्मक कार्यक्रम कम |
| | • साक्षरता, आयआर्जन, वैकल्पिक शिक्षा प्रमुख |
| | • कृषिसम्बन्धी गतिविधि उल्लेख्य |
| क्षेत्रगत/भौगोलिक अवस्था | • नगरपालिकाका सामुदायिक सिकाइ केन्द्र गाउँपालिकाभन्दा सक्रिय |
| | • पहाड र उपत्यकाका सामुदायिक सिकाइ केन्द्र तराईभन्दा सक्रिय |
| मानव संसाधन | • अधिकांश परिचालक माध्यमिक तह उत्तीर्ण |
| | • परिचालकको उच्च योग्यता भएका केन्द्र बढी प्रभावकारी |
| | • नेतृत्व क्षमताले सफलतामा प्रत्यक्ष प्रभाव |
| आर्थिक अवस्था | • अधिकांश सामुदायिक सिकाइ केन्द्र सङ्घीय अनुदानमा निर्भर |
| | • वैकल्पिक आय स्रोत भएका सामुदायिक सिकाइ केन्द्र थोरै |
| समावेशीकरण र नेतृत्व | • अध्यक्षमा पुरुषको अत्यधिक वर्चस्व |
| | • महिला, दलित, जनजाति, अपाङ्गताको न्यून सहभागिता |
| | • महिला नेतृत्व भएका केन्द्र बढी प्रभावकारी (अध्ययन सन्दर्भ) |
| कार्यक्रमको प्रभावकारिता | • केही उदाहरणीय र नवीन कार्यक्रमहरू |
| | • अधिकांश केन्द्र परम्परागत ढाँचामै सीमित |
| सामाजिक प्रभाव | • आयआर्जन तालिमले महिला/युवा आत्मनिर्भर |
| | • छुवाछुतविरुद्ध अभियानले सकारात्मक परिवर्तन |
| व्यवस्थापकीय पक्ष | • सक्रिय सञ्चालक समिति भएका केन्द्र बढी सफल |
| | • योजनाको अभाव र अनुगमनको कमीले निष्क्रियता |
| असल अभ्यास | • आवश्यकता आधारित कार्यक्रम |
| | • प्रविधिमैत्री सिकाइ |
| | • अन्तरपुस्ता सिकाइ |
| | • बहुनिकाय सहकार्य |
| | • स्वःआर्जन र वैकल्पिक स्रोत परिचालन |

## ४. उद्देश्य

क) सामुदायिक सिकाइ केन्द्रहरूको न्यूनतम सक्षमताका आधार विकास गर्नु

ख) सामुदायिक सिकाइ केन्द्रहरूको सवलीकरणका लागि मार्गदर्शन गर्नु

## ५. मार्गदर्शक मान्यता

जुनसुकै शैक्षिक संस्थाको प्रभावकारी सञ्चालन र गुणस्तर सुनिश्चित गर्न मार्गदर्शक दृष्टिकोण, मान्यता र सिद्धान्त अपरिहार्य हुन्छ । यी मान्यताले सामुदायिक सिकाइ केन्द्रबाट सञ्चालन गरिने कार्यक्रमको योजना, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र सुधारमा समेत स्पष्ट दिशा प्रदान गर्छन् । यसले सामुदायिक सिकाइ केन्द्रको लक्ष्यका रूपमा रहेको आजीवन सिकाइ, समावेशी शिक्षा, समुदायको सशक्तीकरण र दिगो उपलब्धि हासिल गर्नमा सहयोग गर्छ । सामुदायिक सिकाइ केन्द्रका मार्गदर्शक सिद्धान्तहरू केवल नियम वा निर्देशन मात्र नभइ प्रक्रियामा आधारित दृष्टिकोण, सहभागिता र गुणस्तर सुनिश्चित गर्ने आधार समेत हुन् । यस सहजीकरण पुस्तिका विकासका सिलसिलामा देहायबमोजिमका दृष्टिकोण र मान्यतालाई आत्मसाथ गरिएको छः

क) **अधिकारमा आधारित दृष्टिकोणः** सामुदायिक सिकाइ केन्द्रको सेवाक्षेत्रका प्रत्येक व्यक्तिले आजीवन सिकाइका लागि पहुँचको अधिकारको सुनिश्चित गर्ने

ख) **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (Gender Equality and Social Inclusion):** महिला, दलित, अपाङ्गता भएका व्यक्ति, पछाडि परेका समुदाय, अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको सामाजिक न्यायमा आधारित सहभागिताको सुनिश्चित गर्ने

ग) **स्थानीय आवश्यकता र सन्दर्भमा आधारितः** सामुदायिक सिकाइ केन्द्रले सञ्चालन गर्ने कार्यक्रम र गतिविधिहरू स्थानीय समुदायको आवश्यकतानुसार तर्जुमा गरी कार्यान्वयन गर्ने

घ) **साझेदारी र समुदायको स्वामित्वः** सरकार, समुदाय र साझेदार संस्थासँग सहकार्य गर्दै सामुदायिक सिकाइ केन्द्रको दीर्घकालीन सेवाप्रवाहको सुनिश्चित गर्ने

ङ) **दिगोपनाः** स्रोतको प्रभावकारी प्रयोग, वित्तीय पारदर्शिता र दीर्घकालीन परिणाम सुनिश्चित गर्ने

च) **आपत्कालीन तथा सङ्कट प्रतिकार्यशीलता (Resilience):** महामारी, विपत् वा अन्य सङ्कटको समयमा पनि सिकाइ निरन्तरता सुनिश्चित गर्ने क्षमता विकास गर्ने

## ६. नीतिगत तथा कानुनी व्यवस्था

सामुदायिक सिकाइ केन्द्रको स्थापना, सञ्चालन र व्यवस्थापनका लागि नेपालको संविधान, शिक्षा ऐन तथा नीतिहरूमा स्पष्ट व्यवस्था गरिएको छः

क) **संवैधानिक व्यवस्थाः** नेपालको संविधानको धारा ५१ (ज) (४) मा नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना तथा प्रवर्द्धन गर्ने उल्लेख गरिएको छ । यो व्यवस्था आजीवन सिकाइको अवधारणालाई संस्थागत गर्न गरिएको संवैधानिक मार्गदर्शन हो ।

ख) **शिक्षा ऐन, २०२८** को दफा ११ठ (१) मा नेपाल सरकारले साक्षरता सिप र निरन्तर सिकाइसमेतको काम गर्न तोकिएबमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ । यसले सामुदायिक सिकाइ केन्द्रलाई कानुनी वैधता प्रदान गर्दै राज्यद्वारा मान्यता प्राप्त संस्थाको रूपमा स्थापित गरेको छ ।

ग) **शिक्षा नीति, २०७६** ले आजीवन सिकाइ र निरन्तर शिक्षा प्रवर्द्धनका लागि प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने र आवश्यकतानुसार विस्तार तथा सुदृढीकरण गर्ने व्यवस्था गरेको छ ।

घ) **सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७८** ले स्थानीय समुदायका मानिसहरू मिलेर आफ्नो निरन्तर शिक्षा तथा आजीवन सिकाइ आवश्यकता पूर्तिका लागि सामुदायिक सिकाइ केन्द्र स्थापना हुने वडाका सबै टोल बस्ती तथा समुदायमा रहेका प्रत्येक घरधुरीबाट एक जनाको

प्रतिनिधित्व हुने गरी गाउँपालिकामा कम्तीमा ५० जना र नगरपालिकामा कम्तीमा १०० जना प्रतिनिधिको सामूहिक निर्णय गरेको हुनुपर्ने व्यवस्था मापदण्डमा उल्लेख भएको छ। यसै गरी सामुदायिक सिकाइ केन्द्रको सेवाक्षेत्रका सबै घरधुरीबाट सदस्य हुन पाउने र कम्तिममा १०० जना सदस्य हुनुपर्ने व्यवस्था छ। वडाको निर्णयसहित सिफारिस स्थानीय तहमा पेस गरी आवश्यकताका आधारमा स्थानीय तहले सामुदायिक सिकाइ केन्द्र सञ्चालनका लागि स्वीकृति प्रदान गर्न सक्ने व्यवस्था छ। सामुदायिक सिकाइ केन्द्रको कार्यक्रम निर्माण, योजना तर्जुमा, कार्यक्रम व्यवस्थापन तथा कार्यान्वयन गर्न र सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन पक्षमा नीतिगत निर्णय गर्न साधारण सदस्यको भेलाले छनोट गरेको ७ देखि ९ सदस्यीय समावेशी प्रकृतिको एउटा व्यवस्थापन समिति गठन हुनुपर्छ। समितिका पदाधिकारी छनोट प्रक्रिया र विधि स्थानीय तहले निर्धारण गरेको कार्यविधिअनुसार हुनुपर्ने व्यवस्था छ। समितिको कार्यकाल ४ वर्ष हुने, परिचालक सचिव रहने र परिचालक महिला हुनुपर्ने व्यवस्था छ।

**मापदण्डले सामुदायिक सिकाइ केन्द्रमा देहायबमोजिमका न्यूनतम भैतिक पूर्वाधार हुनुपर्ने व्यवस्था गरेको छः**

- कार्यालय सञ्चालन कक्ष कम्तीमा एकओटा
- अध्ययन कक्षसहितको वाचनालय वा पुस्तकालय एकओटा
- सूचना, सञ्चार, प्रविधि कक्ष (कम्प्युटर, इन्टरनेट, प्रिन्टर, मल्टिमिडियासहित) एकओटा
- सिकाइ कक्ष एकओटा
- शौचालय (पुरुष, महिला, अपाङ्गमैत्री) एकओटा
- शुद्ध खानेपानी

## ७. सामुदायिक सिकाइ केन्द्रको दायरा र कार्यक्षेत्र

सामुदायिक सिकाइ केन्द्रहरू स्थानीय सरकार मातहत सञ्चालन हुने स्थायी र बहूद्देश्यीय संरचना हुन। यसले शिक्षा, स्वास्थ्य तथा सरसफाइ, सिप विकास, रोजगारी र उद्यमशीलता, वातावरण संरक्षण, नागरिक सशक्तीकरण, परम्परागत ज्ञानसिपको प्रवर्धन, संस्कृतिको संरक्षण, सुरक्षा तथा विपत् व्यवस्थापन, सामाजिक समावेशिता लगायत बहुआयामिक पक्षमा योगदान गर्न सक्छ। सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७८ ले सामुदायिक सिकाइ केन्द्रबाट विभिन्न सेवा र कार्यक्रमहरू प्रवाह गर्न सक्ने स्पष्ट व्यवस्था गरेको छ। ती कार्यक्रमहरूलाई मुख्यतः छओटा विषयक्षेत्रमा वर्गीकृत गरेर प्रस्तुत गरिएको छः

| विषयक्षेत्र | कार्यक्षेत्र |
|---|---|
| १) साक्षरता, शिक्षा र आजीवन सिकाइ कार्यक्रम | क) सूचना प्रविधिसहितको साक्षरता तथा निरन्तर शिक्षा<br>ख) प्रारम्भिक बाल विकास तथा शिक्षा<br>ग) वैकल्पिक विद्यालय शिक्षा तथा सिकाइ कार्यक्रम<br>घ) नागरिक शिक्षा, मानव अधिकार शिक्षा तथा अभिभावक शिक्षा<br>ङ) कानुनी साक्षरता शिक्षा<br>च) अन्तरपुस्ता सिकाइ स्थानान्तरण तथा हस्तान्तरण कार्यक्रम |

| विषयक्षेत्र | कार्यक्षेत्र |
| --- | --- |
| २) सिप विकास, व्यावसायिक तालिम तथा उद्यमशीलता प्रवर्द्धन कार्यक्रम | क) सिप विकास तालिम<br>ख) व्यावसायिक तालिम<br>ग) परम्परागत सिपको प्रवर्द्धन तथा आधुनिकीकरण कार्यक्रम<br>घ) उद्यमी विकास कार्यक्रम<br>ङ) बचत तथा ऋण परिचालन कार्यक्रम |
| ३) सामुदायिक सशक्तीकरण तथा सामाजिक विकास कार्यक्रम | क) सामुदायिक विकास कार्यक्रम<br>ख) जनचेतनामूलक कार्यक्रमहरू<br>ग) भेदभाव तथा लैङ्गिक हिंसा विरुद्धका सचेतना कार्यक्रमहरू |
| ४) स्वास्थ्य, सरसफाइ तथा वातावरण संरक्षण कार्यक्रम | क) सामुदायिक सरसफाइ तथा स्वास्थ्य शिक्षाका क्रियाकलाप<br>ख) वातावरणीय संरक्षण तथा संवर्धन कार्यक्रम<br>ग) सुरक्षा तथा विपत् व्यवस्थापन/बचावटसम्बन्धी शिक्षा |
| ५) कला, संस्कृति, खेलकुद तथा मनोरञ्जन कार्यक्रम | क) कला, साहित्य, संस्कृति तथा बाल विकाससँग सम्बन्धित कार्यक्रमहरू<br>ख) मनोरञ्जनात्मक गतिविधि<br>ग) खेलकुद कार्यक्रमहरू |
| ६) विविध कार्यक्रमहरू | क) समुदायको आवश्यकतानुसारका थप कार्यक्रमहरू |

सामुदायिक सिकाइ केन्द्रले सम्पादन गर्ने उल्लिखित छ विषय क्षेत्रअन्तर्गतका कार्यक्षेत्रमा आधारित आवश्यकतानुसार सक्षमता विकास गरी नमुना सिकाइ सामग्री तथा सहजीकरण मार्गदर्शन समेत विकास गर्न सकिने छः

## ८. सामुदायिक सिकाइ केन्द्रका परिचालकको सक्षमताका क्षेत्र

सामुदायिक सिकाइ केन्द्रको परिचालकको न्यूनतम योग्यता माध्यमिक तह उत्तीर्ण गरेको हुनुपर्ने व्यवस्था सामुदायिक सिकाइ केन्द्रको मापदण्ड २०७८ मा उल्लिखित छ। समायानुकूल निरन्तर क्षमता अभिवृद्धि गर्दै गुणस्तरीय सेवा प्रवाहका लागि विषयक्षेत्र र सोअनुसार हासिल गर्नुपर्ने सक्षमता देहायबमोजिम तोकिएको छः

| विषयक्षेत्र | सक्षमता |
| --- | --- |
| क) नेतृत्व तथा सुशासन | • सामुदायिक सिकाइ केन्द्रको दूरदृष्टि, लक्ष्य र प्राथमिकता स्पष्ट रूपमा प्रस्तुत गर्न सक्ने<br>• पारदर्शी, उत्तरदायी र सहभागितामूलक निर्णय प्रक्रिया अपनाउन सक्ने<br>• नीति, निर्देशिका र कानुनको पालना गर्न सक्ने<br>• टोली व्यवस्थापन, द्वन्द्व व्यवस्थापन गर्न सक्ने<br>• जिम्मेवार, जवाफदेही र पारदर्शी हुने<br>• लेखापरीक्षण र सामाजिक परीक्षण समयमा नै गराउने<br>• समन्वय र सहकार्य गर्ने |
| ख) योजना तथा कार्यक्रम व्यवस्थापन | • आवश्यकतानुसार कार्यक्रमको योजना बनाउन सक्ने<br>• कार्यतालिका र समय व्यवस्थापन गर्न सक्ने |

| विषयक्षेत्र | सक्षमता |
| --- | --- |
| | • कार्यक्रम कार्यान्वयन गर्न सक्ने<br>• समस्या समाधानका उपायसहित योजना बनाउन सक्ने<br>• स्रोत साधनको प्रभावकारी प्रयोग गर्न सक्ने<br>• लक्षित सहभागीको छनोट भए नभएको सुनिश्चित गर्न सक्ने<br>• गुणस्तरीय परिणाम र लक्ष्य प्राप्तिमा ध्यान दिने |
| ग) सिकाइ सहजीकरण | • सिकारु केन्द्रित सिकाइ प्रविधि प्रयोग गर्न सक्ने<br>• समूह कार्य, अभ्यास र छलफलमार्फत सिकाइ अगाडि बढाउने<br>• समावेशी शिक्षाको मान्यता कार्यान्वयन गर्न सक्ने<br>• सिकाइमा सूचना सञ्चार प्रविधिको प्रयोग गर्न सक्ने<br>• सिकाइ सामग्री स्थानीय सन्दर्भअनुसार तयार गर्न सक्ने<br>• प्रगतिशील सिकाइ मूल्याङ्कन गर्न सक्ने<br>• सिकाइका विविधतालाई सम्हाल्ने<br>• बालबालिका र किशोर किशोरीहरूको संरक्षणका लागि सुरक्षित सिकाइ वातावरणका तयार गर्न आचारसंहिता बनाई कार्यान्वयन गर्न सक्ने |
| घ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, समता | • महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्तिहरू र सीमान्तकृत समूहको सहभागिता सुनिश्चित गर्ने<br>• सबै सहभागीका लागि पहुँचयोग्य र सुरक्षित सिकाइ वातावरण बनाउने<br>• विभेदरहित र समान अवसर सुनिश्चित गर्ने<br>• लक्षित समूहको आवश्यकतालाई ध्यानमा राखेर कार्यक्रम सञ्चालन गर्ने |
| ङ) सामुदायिक सहभागिता तथा साझेदारी | • स्थानीय तह, विद्यालय र सङ्घ संस्थासँग समन्वय गर्ने<br>• सेवाक्षेत्रका सबै घरधुरीको सहभागिताको सुनिश्चितता गर्ने<br>• समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्ने<br>• साझेदारी र नेटवर्क विकास गर्ने<br>• स्रोत र अनुभव आदान प्रदान गर्न प्रोत्साहन गर्ने<br>• समुदायको सुझाव र आवश्यकतालाई कार्यक्रममा समावेश गर्ने |
| च) डिजिटल तथा सूचना व्यवस्थापन | • आधारभूत डिजिटल उपकरण प्रयोग गर्न सक्ने<br>• सूचना सङ्कलन, भण्डारण र व्यवस्थापन गर्ने<br>• डिजिटल रिपोर्टिङ र सञ्चार गर्ने<br>• सूचना सुरक्षित राख्ने र साझा गर्ने<br>• डिजिटल साधनमार्फत सिकाइ सामग्री तयार गर्ने<br>• प्रविधि प्रयोग गरेर कार्यक्रम अनुगमन गर्ने |

| विषयक्षेत्र | सक्षमता |
|---|---|
| | • अनलाइन डिजिटल साधन तथा सामाग्री प्रयोग गर्दा अनलाइन सुरक्षाका उपायहरू अपनाउने |
| छ) वित्तीय तथा स्रोत व्यवस्थापन | • बजेट, योजना र खर्च व्यवस्थापन गर्ने<br>• स्रोत र साधनको प्रभावकारी प्रयोगको सुनिश्चित गर्ने<br>• वित्तीय पारदर्शिता र लेखा अभिलेख राख्ने<br>• खर्च र स्रोतको अनुगमन गर्ने<br>• आवश्यक स्रोत जुटाउन पहल गर्ने<br>• स्थानीय दिगो वित्तीय स्रोत र पुँजी निर्माणका क्षेत्र पहिचान गरी परिचालन गर्ने |
| ज) अनुगमन, मूल्याङ्कन, प्रतिवेदन र अभिलेखीकरण | • कार्यक्रमको अनुगमन गर्ने<br>• तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने<br>• प्रतिवेदन तयार गर्ने<br>• सिकाइ अनुभव आदान प्रदान गर्ने<br>• स्रोत तथा सिकाइ सामग्रीको अभिलेखीकरण गर्ने |

## ९. सामुदायिक सिकाइ केन्द्रको न्यूनतम सक्षमता

सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७८ मा सामुदायिक सिकाइ केन्द्र स्थापना गर्न न्यूनतम मापदण्ड उल्लेख गरिएको छ । त्यसले मात्र सामुदायिक सिकाइ केन्द्र सबल भएको मानिँदैन । तसर्थ कार्य सम्पादनमा समेत सक्षम सामुदायिक सिकाइ केन्द्र हुनका लागि देहायबमोजिमका न्यूनतम र अपेक्षित सक्षमता हुनुपर्ने हुन्छः

| क्र.सं. | सक्षमताका क्षेत्र | न्यूनतम अवस्था | अपेक्षित अवस्था |
|---|---|---|---|
| १ | कानुनी आधार | • सङ्घीय कानुनले न्यूनतम कार्य विवरण प्रदान गरेको<br>• स्थानीय तहबाट थप आधार र कार्यविधि निर्माण भएको<br>• साविक अनौपचारिक शिक्षा केन्द्रबाट अनुमति प्राप्त<br>• नयाँ स्थापना हुनेका हकमा स्थानीय तहबाट अनुमति/स्वीकृति प्राप्त | • स्थानीय शिक्षा ऐन तथा नियमावलीमा सञ्चालन तथा व्यवस्थापनसम्बन्धी व्यवस्था<br>• स्थानीय शिक्षा योजनामा समावेश |
| २ | भौतिक पूर्वाधार | • कार्यालय सञ्चालन कक्ष कम्तीमा एकओटा<br>• अध्ययन कक्षसहितको वाचनालय वा पुस्तकालय एकओटा | • भूकम्प प्रतिरोधी संरचना<br>• अपाङ्गतामैत्री पहुँच<br>• २ ओटा सिकाइ कक्ष<br>• पर्याप्त प्रकाश/हावा पुग्ने कोठा |

| क्र.सं. | सक्षमताका क्षेत्र | न्यूनतम अवस्था | अपेक्षित अवस्था |
|---|---|---|---|
| | | • सूचना, सञ्चार, प्रविधि (कम्प्युटर, इन्टरनेट, प्रिन्टर, मल्टिमिडिया एकएक सेटसहित) एकओटा कक्ष<br>• सिकाइ कक्ष एकओटा<br>• शौचालय (पुरुष, महिला, अपाङ्गमैत्री) एकओटा<br>• शुद्ध खानेपानीको व्यवस्था | • नियमित मर्मतसम्भार<br>• सूचना तथा सञ्चार प्रविधियुक्त भइ सामुदायिक सूचना केन्द्र भवन |
| ३ | व्यवस्थापन समिति र साधारण सभा | • प्रत्येक चार वर्षमा व्यवस्थापन समिति गठन<br>• कम्तीमा १०० जना साधारण सदस्य<br>• व्यवस्थापन समितिको कम्तीमा महिनाको एकपटक बैठक<br>• वर्षको एकपटक साधारण सभा<br>• तोकिएको कार्यविवरणअनुसार कार्यसम्पादन<br>• वार्षिक योजना र कार्यक्रम व्यवस्थापन समितिले तय गर्ने | • अभिलेख व्यवस्थापन र स्पष्ट जिम्मेवारी बाँडफाँट |
| ४ | परिचालक र जनशक्ति | • तोकिएको योग्यता (कम्तीमा १२ कक्षा उत्तीर्ण)<br>• कम्तीमा एक जना सहजकर्ता | • शैक्षिक योग्यता स्नातक पूरा गरेका<br>• अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी आधारभूत सक्षमता भएको<br>• प्रौढ सिकाइ सिद्धान्त अनुसारको सिकाइ सहजीकरण र व्यवहार कुशल सिप भएको<br>• व्यवस्थापकीय र समन्वयकारी सिप भएको<br>• कार्यसम्पादन मूल्याङ्कनमा आधारित थप प्रोत्साहन प्राप्त<br>• संयोजक तथा सहयोगीको व्यवस्था |
| ५ | सिकाइ कार्यक्रम | • रोजगारमूलक सिप कार्यक्रम<br>• अनौपचारिक तथा वैकल्पिक शिक्षा र आजीवन सिकाइ कार्यक्रम | • अनौपचारिक तथा वैकल्पिक शैक्षिक कार्यक्रमका अलावा आजीवन सिकाइ कार्यक्रम<br>• आवश्यकतामा आधारित कार्यक्रम |

| क्र.सं. | सक्षमताका क्षेत्र | न्यूनतम अवस्था | अपेक्षित अवस्था |
|---|---|---|---|
| | | ● वार्षिक सिकाइ योजना | ● सिकाइ उपलब्धि मूल्याङ्कन<br>● सिप परीक्षण तथा प्रमाणीकरणको व्यवस्था |
| ६ | सिकाइ सामग्री/सिकाइ पूर्वाधार | ● सूचना तथा सञ्चार प्रविधिको व्यवस्था र प्रयोगको सुनिश्चितता (कम्प्युटर, इन्टरनेट, मल्टिमिडिया कम्तीमा एकएक सेट)<br>● सञ्चालित कार्यक्रमका लागि अध्ययन कक्षसहितको न्यूनतम पाठ्य तथा सन्दर्भ पुस्तकसहितको एउटा पुस्तकालय<br>● प्रोजेक्टर<br>● उपयुक्त सिकाइ वातावरणसहितको कक्षाकोठा, ह्वाइटबोर्ड<br>● सञ्चालित कार्यक्रमको पाठ्यक्रम, सिकाइ सामग्री<br>● सामग्री सुरक्षित भण्डारण | ● आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय<br>● सामुदायिक सूचना केन्द्र<br>● आजीवन सिकाइ थलो (Lifelong Learning Hub) का साथै बहूद्देश्यीय संयन्त्रको रूपमा रहने<br>● पाठ्य/सन्दर्भ पुस्तकसहितको पुस्तकालय<br>● सामुदायिक सिकाइ तथा स्रोत केन्द्रको रूपमा रहने<br>● स्मार्ट बोर्ड, अन्तरक्रियात्मक बोर्ड |
| ७ | सञ्चालन तथा वित्तीय सहयोग | ● सङ्घीय सरकारको अनुदान<br>● स्थानीय तहबाट बजेट व्यवस्था<br>● वडा कार्यालयको नियमित सहयोग<br>● सामुदायिक साझेदारी | ● प्रदेश सरकारको अनुदान<br>● सार्वजनिक निजी साझेदारी |
| ८ | सामुदायिक सहभागिता | ● सेवाक्षेत्र भएको वडाका घरधुरीमध्ये गाउँपालिकामा कम्तीमा पँचास जना र नगरपालिकामा कम्तीमा एक सय जना सदस्यता कायम भएको<br>● न्यूनतम एउटा वडा सेवाक्षेत्र हुनुपर्ने<br>● योजना तथा कार्यक्रम निर्माणमा सामुदायिक सहभागिता<br>● समुदायसँग सहयोग र समन्वय | ● योजना तथा कार्यक्रम पहिचान, निर्माण, कार्यान्वयन र मूल्याङ्कनसम्मको प्रक्रियामा सामुदायिक सहभागिता<br>● सेवाक्षेत्रका सबै घरधुरीको सदस्यता |

| क्र.सं. | सक्षमताका क्षेत्र | न्यूनतम अवस्था | अपेक्षित अवस्था |
|---|---|---|---|
| ९ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ● दलित, जनजातिको प्रतिनिधित्व सुनिश्चत हुने गरी समावेशी व्यवस्थापन समिति<br>● योजना निर्माण र कार्यान्वयनमा समावेशिता<br>● भेदभावरहित सिकाइ वातावरण<br>● कम्तीमा महिला ३३ प्रतिशत सहभागिता | ● दलित/सीमान्तकृत समुदायको पहुँच<br>● अपाङ्गतामैत्री व्यवस्था<br>● समावेशी र समतामूलक सिकाइ वातावरण |
| १० | सूचना तथा तथ्याङ्क | ● सेवा क्षेत्रको साक्षरता नक्साङ्कन तथा उमेर समूहगत तथ्याङ्क<br>● बिचैमा पढाइ छाडेका विद्यालय उमेर समूहका बालबालिका<br>● सेवा क्षेत्रभित्रका विद्यालय उमेर समूहका विद्यालयमा अध्ययनरत र विद्यालयबाहिर रहेका जनसङ्ख्या<br>● सेवा क्षेत्रभित्र अवस्थित शिक्षण संस्थाको विवरण<br>● बैङ्क, वित्तीय समेतका सरकारी तथा गैरसरकारी सङ्घसंस्थाको विवरण<br>● सेवा क्षेत्रभित्रका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक सम्पदा तथा स्थलको विवरण<br>● सेवा क्षेत्रको जनसाङ्ख्यिक विवरण<br>● सेवा क्षेत्रअन्तर्गत रहेका जनशक्तिहरूको सिप नक्साङ्कन<br>● सेवा क्षेत्रभित्र उपलब्ध सार्वजनिक सेवा सुविधाको विवरण<br>● अपाङ्गताको प्रकृतिअनुसार अपाङ्गता भएका बालबालिका | ● सेवा क्षेत्रभित्रका नागरिकको शैक्षिक जनशक्तिको विवरण<br>● घरधुरी खण्डीकृत तथ्याङ्क<br>● सामुदायिक सिकाइ केन्द्रको आफ्नै वेब पेज<br>● सरकारी तथा गैरसरकारी क्षेत्रबाट प्राप्त हुने सेवाका लागि अपनाउनुपर्ने प्रक्रियासम्बन्धी सूचनामूलक जानकारी र सहयोग प्रणालीको व्यवस्था |

| क्र.सं. | सक्षमताका क्षेत्र | न्यूनतम अवस्था | अपेक्षित अवस्था |
|---|---|---|---|
| | | ● आधारभूत तथा माध्यमिक तहमा अध्ययनरत दलित बालबालिका<br>● अभिभावक पहिचान नभएका वा पत्ता नलागेका बालबालिका<br>● सहिद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द्वपीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरी<br>● रोजगारमूलक सिप विकास तालिम तथा कार्यक्रममा सहभागी हुन चाहनेको विवरण<br>● नियमित NFE EMIS अद्यावधिक | |
| ११ | वित्तीय व्यवस्थापन | ● सामुदायिक सिकाइ केन्द्रको वार्षिक कार्यक्रम, बजेट तथा कार्य योजना साधारण सभाबाट पारित<br>● स्थायी लेखा नम्बर प्राप्त<br>● वार्षिक लेखापरीक्षण<br>● सामाजिक परीक्षण<br>● बैङ्क खातामार्फत कारोवार<br>● वित्तीय पारदर्शिता | ● दोहोरो लेखा प्रणालीमा आधारित लेखा व्यवस्थापन<br>● आर्थिक ऐन नियमको परिपालना<br>● बैङ्किङ प्रणालीबाट भुक्तानी<br>● आन्तरिक लेखापरीक्षण<br>● वार्षिक आर्थिक प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था |
| १२ | अनुगमन, प्रतिवेदन र अभिलेखीकरण | ● स्थानीय तहबाट वर्षमा कम्तीमा तीनपटक नियमित अनुगमन<br>● स्थानीय तहलाई त्रैमासिक नियमित प्रतिवेदन<br>● प्रत्येक वर्षमा गरेका कार्यक्रम र उपलब्धि, आगामी वर्षको कार्यक्रम, बजेट र गतिविधि समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने<br>● वार्षिक प्रतिवेदन, लेखापरीक्षण र सामाजिक परीक्षणको प्रतिवेदन | ● आवश्यकतानुसार र नियमित अनुगमन<br>● त्रैमासिक/वार्षिक प्रतिवेदन<br>● सुझावअनुसार सुधार<br>● गुनासो सुनुवाइ प्रणाली सञ्चालन भएको<br>● सामुदायिक सिकाइ केन्द्रका महत्त्वपूर्ण दस्तावेजहरू हार्ड र सफ्टकपीका रूपमा अभिलेख व्यवस्था |

| क्र.सं. | सक्षमताका क्षेत्र | न्यूनतम अवस्था | अपेक्षित अवस्था |
|---|---|---|---|
| | | आव समाप्त मितिले सात दिनभित्र स्थानीय तहमा पेस | |

## १०. कार्यान्वयनसम्बन्धी व्यवस्था

सामुदायिक सिकाइ केन्द्रको गुणस्तरीय सेवा र दिगोपना सुनिश्चित गर्न सङ्घ, प्रदेश, स्थानीय तह र साझेदार संस्थाबिच स्पष्ट भूमिका निर्धारण गर्नु आवश्यक छ। यसका लागि देहायबमोजिमको कार्य जिम्मेवारी तथा भूमिका उल्लेख गरिएको छः

### क) सङ्घीय तह

- राष्ट्रिय स्तरमा नीति, नियम तथा मार्गदर्शन विकास गर्ने
- राष्ट्रिय शिक्षा नीति, आजीवन सिकाइ नीति र अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप राष्ट्रिय मापदण्ड सुनिश्चित गर्ने
- सङ्घीय स्तरबाट अनुदान, क्षमता विकासका कार्यक्रम, मापन तथा मूल्याङ्कन उपकरण र निर्देशन उपलब्ध गराउने
- सामुदायिक सिकाइ केन्द्रका कार्यक्रमको राष्ट्रिय अनुगमन तथा गुणस्तर सुनिश्चित गर्ने
- NFE EMIS लाई सुदृढीकरण गर्ने
- अध्ययन, अनुसन्धानबाट प्राप्त सिफारिसहरूलाई नीतिगत समायोजन र मार्गनिर्देश गर्ने

### ख) प्रदेश तह

- सङ्घीय स्तरको नीति र कार्यक्रम अनुकूल हुने गरी प्रदेशस्तरीय योजना, अनुगमन र तालिम सञ्चालन गर्ने
- प्रदेशका शिक्षासम्बन्धी कार्यालयमार्फत क्षमता विकास तालिम, सल्लाह, अनुगमन र आवश्यक प्रविधि उपलब्ध गराउने
- सङ्घीय र स्थानीय तहबिच समन्वय र जानकारी आदान प्रदान सुनिश्चित गर्ने

### ग) स्थानीय तह

- सामुदायिक सिकाइ केन्द्र स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहको हुने
- सामुदायिक सिकाइ केन्द्रको नियमन तथा व्यवस्थापनका लागि निर्देशिका वा कार्यविधिसहित प्रभावकारी कार्यान्वयन गर्ने
- स्थानीय आवश्यकतानुसार कार्यक्रमको तर्जुमा, स्रोत परिचालन र समुदाय सहभागिता सुनिश्चित गर्ने
- क्षमता विकास तालिम, सहजकर्ता नियुक्ति र परिचालन, भौतिक पूर्वाधार व्यवस्थापन र वित्तीय पारदर्शिता कायम राख्ने
- सामुदायिक सिकाइ केन्द्रका सिकारुहरूको अनुगमन र मूल्याङ्कन गर्ने

- सामुदायिक सिकाइ केन्द्रहरूको नियमित कार्यसम्पादन परीक्षण गरी प्रोत्साहन र सजायको व्यवस्था गर्ने

**घ) साझेदार संस्था**

- गैरसरकारी संस्था, नागरिक समाज, अन्तर्राष्ट्रिय साझेदार संस्था, निजी क्षेत्र र समुदायका स्वयंसेवीसँग सहकार्य गर्ने
- विशेषज्ञता, तालिम, सामग्री, अनुगमन तथा स्रोत समर्थन सहयोग प्रदान गर्ने
- सामुदायिक सिकाइ केन्द्रको दिगोपन, गुणस्तर र नवीन अभ्यासको प्रवर्द्धनमा सहयोग गर्ने
- नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको समन्वय, सहकार्य र स्वीकृतिमा आवश्यक सहयोग गर्ने
- निजी क्षेत्र, उद्योग प्रतिष्ठानको कर्पोर्ट सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) को पुँजी परिचालन गर्ने

## ११. दिगोपनको रणनीति

सामुदायिक सिकाइ केन्द्रको दीर्घकालीन सक्षमता र दिगोपन सुनिश्चित गर्न स्रोतको विविधीकरण, स्थानीय स्वामित्व, मानव संसाधन विकास, समावेशिता, नवीन अभ्यासको प्रवर्द्धन र सङ्कट प्रतिकार्यशीलता जस्ता रणनीति अपनाउनु आवश्यक छ। स्रोत व्यवस्थापनअन्तर्गत सङ्घ, प्रदेश तह र स्थानीय तहको अनुदान, विकास साझेदार संस्था, निजी तथा उद्योग प्रतिष्ठान र समुदायका स्वयंसेवी निकायबाट सामुदायिक सिकाइ केन्द्रमा प्राप्त हुने वित्तीय स्रोतहरूको उचित व्यवस्था आवश्यक छ। स्थानीय समुदायको स्वामित्व सुदृढीकरणका लागि व्यवस्थापन समिति सशक्त बनाउने, समुदायको साझा संस्थाको रूपमा सक्रिय सहभागिता सुनिश्चित गर्ने र निर्णय प्रक्रियामा पारदर्शिता कायम राख्ने जस्ता उपायहरू अवलम्बन गर्न सकिन्छ। मानव संसाधन विकासअन्तर्गत प्रशिक्षक र सहजकर्ताको निरन्तर तालिम र पेसागत विकास अनिवार्य हुन्छ। समावेशिता र लैङ्गिक समानताको दृष्टिकोणबाट महिला, दलित, अपाङ्गता भएका व्यक्ति, पछाडि परेका, अल्पसङ्ख्यक तथा सीमान्तकृत समूहको पहुँच सुनिश्चित गर्नुपर्दछ। साथै विपत्, महामारी र जलवायु परिवर्तनका प्रभावलाई ध्यानमा राखेर सङ्कट प्रतिकार्यशीलतामा आधारित योजना लागु गर्नुपर्छ। असल अभ्यास र विधिहरूलाई दस्तावेजीकरण गरी अन्य सामुदायिक सिकाइ केन्द्र र स्थानीय तहमा प्रयोग गर्नाले नयाँ केन्द्रहरूको स्थापना र विस्तारमा सहयोग पुग्छ। यसरी कार्यान्वयन गर्दा सामुदायिक सिकाइ केन्द्रहरू दीर्घकालीन रूपमा सुदृढ, समावेशी, गुणस्तरीय र समुदायमैत्री आजीवन सिकाइ केन्द्रका रूपमा स्थापित हुने छन् र स्थानीय स्तरमा आजीवन सिकाइ, जीवनोपयोगी सिप विकास तथा सामाजिक सशक्तीकरणमा योगदान पुग्ने छ।

## १२. परिचालकको सक्षमता मूल्याङ्कनका आधार

सामुदायिक सिकाइ केन्द्रका परिचालकहरूको सक्षमता मूल्याङ्कन गर्दा विभिन्न आयाममा उनीहरूको क्षमता, दक्षता र व्यवहार मूल्याङ्कन गर्न आवश्यक हुन्छ। यसका लागि देहायबमोजिमका प्रमुख चार आधार प्रयोग गर्न सकिन्छ:

| क्षेत्र | मूल्याङ्कन आधार |
|---|---|
| ज्ञान (Knowledge) | परिचालकले सिकाइ कार्यक्रम सञ्चालन गर्न आवश्यक सैद्धान्तिक र व्यावहारिक ज्ञान राख्नुपर्छ । सक्षमता मूल्याङ्कनमा अनौपचारिक शिक्षातर्फको राष्ट्रिय योग्यता प्रारूप, प्रौढ साक्षरता, जीवनोपयोगी सिप, अनौपचारिक सिकाइ विधि, पाठ्यक्रम र स्थानीय सन्दर्भको विषय समावेश हुन्छ । यसबाट परिचालकले विषयवस्तु बुझ्ने, सिकाइ सामग्री प्रयोग गर्ने र सिकारुलाई सही जानकारी दिन सक्ने क्षमता मापन गर्न सकिन्छ । |
| सिप (Skills) | सिपले परिचालकको कार्यान्वयन क्षमता, सिकाइ गतिविधि सञ्चालन गर्ने दक्षता र विभिन्न सिकाइ विधि प्रयोग गर्ने क्षमता जनाउँछ । यसमा सहभागितामूलक सिकाइ प्रविधि, समूह व्यवस्थापन, सञ्चार कौशल, समस्या समाधान, डिजिटल साधन र सामग्री प्रयोग गर्ने क्षमता समावेश हुन्छ । सिप मूल्याङ्कनबाट सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउने क्षमता मापन गर्न सकिन्छ । |
| अभिवृत्ति र मूल्य (Attitude & Values) | परिचालकको अभिवृत्ति र मूल्यले सिकाइ वातावरण र सहभागितामा प्रत्यक्ष प्रभाव पार्छ । यसमा समावेशिता, लैङ्गिक समानता (GESI), संवेदनशीलता, सिकारुकेन्द्रित दृष्टिकोण, सहयोगी व्यवहार र पेसागत उत्तरदायित्व समावेश हुन्छ । व्यक्तिको व्यवहार र दृष्टिकोण मूल्याङ्कनले परिचालकको व्यक्तित्व, प्रेरणा र कार्यप्रति प्रति**बद्ध**ता मापन गर्न सहयोग गर्छ । |
| कार्यसम्पादन (Performance) | कार्यसम्पादन मूल्याङ्कनले परिचालकले वास्तविक कार्यस्थलमा कस्तो प्रभावकारी रूपमा कार्यक्रम सञ्चालन गरिरहेको छ भन्ने देखाउँछ । यसमा सिकाइ सत्रको तयारी, सिकाइ सहजीकरण शैली, गुणस्तर, सहभागिताको स्तर, सिकाइ परिणाम र अनुगमनमा संलग्नता समावेश हुन्छ । कार्यसम्पादन मूल्याङ्कनले परिचालकको समग्र दक्षता र केन्द्र सञ्चालनमा योगदानको मापन गर्दछ । |

## १३. सामुदायिक सिकाइ केन्द्रको मूल्याङ्कन विधि

सामुदायिक सिकाइ केन्द्रका परिचालकहरूको सक्षमता मूल्याङ्कन गर्न विभिन्न विधि अपनाउन सकिन्छ । ती विधिले परिचालकको ज्ञान, सिप, व्यवहार र कार्यसम्पादनको समग्र मूल्याङ्कन गर्न सहयोग पुऱ्याउँछ । मूल्याङ्कनका लागि यहाँ विधि र आधारसहित प्रस्तुत गरिएको छः

| विधि | मूल्याङ्कनका आधार |
|---|---|
| स्वमूल्याङ्कन (Self-assessment) | स्वमूल्याङ्कन परिचालक र सामुदायिक सिकाइ केन्द्र आफैँले आफ्नो क्षमता, दक्षता र कार्यसम्पादनको मूल्याङ्कन गर्ने प्रक्रिया हो । यसले आत्मविश्लेषण, व्यक्तिगत सुधारको पहिचान र सिकाइमा आफ्नै भूमिका बुझ्न मद्दत गर्छ । स्वमूल्याङ्कनले परिचालक र सामुदायिक सिकाइ केन्द्रको जिम्मेवारी बोध र पेसागत प्रतिबद्धता बढाउँछ । |
| पर्यवेक्षक/स्थानीय तहको मूल्याङ्कन | स्थानीय तहका अधिकारी, सामुदायिक सिकाइ केन्द्र अनुगमनकर्ता वा तालिम विशेषज्ञले परिचालक तथा सामुदायिक सिकाइ केन्द्रको सक्षमता र कार्यसम्पादनको बाह्य मूल्याङ्कन गर्ने प्रक्रिया हो । यसले परिचालक र सामुदायिक सिकाइ केन्द्रको क्षमता र गतिविधिहरूको वस्तुगत मूल्याङ्कन प्रदान गर्छ र सुधारका लागि मार्गदर्शन दिन्छ । |
| कार्यसम्पादन अवलोकन (Observation) | सिकाइ सत्र, समूह गतिविधि, विभिन्न परियोजना वा तालिम सञ्चालनको प्रत्यक्ष अवलोकनमार्फत परिचालक र सामुदायिक सिकाइ केन्द्रको कार्यान्वयन, सिप र कार्यक्रम |

| विधि | मूल्याङ्कनका आधार |
|---|---|
| | सञ्चालनको क्षमता मापन गर्ने प्रक्रिया हो । यसले वास्तविक कार्यस्थलमा परिचालक र सामुदायिक सिकाइ केन्द्रको दक्षता र सहभागिता मूल्याङ्कन गर्न सहयोग पुऱ्याउँछ। |
| प्रतिवेदन तथा अभिलेख समीक्षा | परिचालक र सामुदायिक सिकाइ केन्द्रले तयार गरेका वार्षिक कार्ययोजना, सत्र योजना, दैनिक/साप्ताहिक प्रतिवेदन र अभिलेखहरूको समीक्षा गरेर मूल्याङ्कन गर्ने प्रक्रिया हो। यसले परिचालक र सामुदायिक सिकाइ केन्द्रको तयारी, व्यवस्थापन क्षमता, अनुगमन र कामको निरन्तरताको समग्र मूल्याङ्कन गर्न सहयोग पुऱ्याउँछ। |
| सहभागी तथा समुदायको प्रतिक्रिया | सिकाइमा संलग्न सहभागी, अभिभावक वा समुदायका सदस्यबाट प्राप्त प्रतिक्रिया मूल्याङ्कनमा समावेश गर्ने प्रक्रिया हो। यसले परिचालक र सामुदायिक सिकाइ केन्द्रको व्यवहार, समावेशिता, सहभागिता प्रवर्द्धन गर्ने क्षमता र स्थानीय आवश्यकताअनुरूप कार्यक्रम सञ्चालन गर्ने क्षमता मापन गर्न मद्दत गर्छ। |

## १४. सक्षमता मूल्याङ्कन प्रक्रिया

सामुदायिक सिकाइ केन्द्रका परिचालकहरूको सक्षमता मापन र सामुदायिक सिकाइ केन्द्र स्वयंको न्यूनतम सक्षमताको अवस्थाको मापन गर्न देहाय बमोजिमको बहुआयामिक प्रक्रिया अपनाइने छ:

| मूल्याङ्कन | मूल्याङ्कनका आधार |
|---|---|
| स्व-मूल्याङ्कन (Self-Assessment) | क) परिचालकले तोकिएको सूचकको आधारमा आफ्नो कार्यक्षमताको आफैँ समीक्षा गर्ने<br>ख) सामुदायिक सिकाइ केन्द्रले तोकिएको न्यूनतम र अपेक्षित सूचकका आधारमा सक्षमताको अवस्थाको स्वमूल्याङ्कन गर्ने |
| कार्यसम्पादनमा आधारित मूल्याङ्कन (Performance-Based Evaluation) | क) सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समिति र स्थानीय तहको शिक्षा शाखाले परिचालकले वर्षभरि गरेका काम (जस्तै: सहभागी सङ्ख्या, सञ्चालित तालिम र अभिलेख) को आधारमा अङ्क दिने<br>ख) सामुदायिक सिकाइ केन्द्रको वार्षिक कार्य सम्पादनलाई आधार बनाएर तथा सक्षमताको अवस्थाका सूचकका आधारमा स्थानीय तहले मूल्याङ्कन गर्ने |
| ३६० डिग्री पृष्ठपोषण (Feedback) | क) सामुदायिक सिकाइ केन्द्रका सदस्य, समितिका पदाधिकारी, समुदायका सदस्यहरू, लक्षित समूह, स्थानीय तह र सरोकारवालाबाट लिइने प्रतिक्रियालाई परिचालक र सामुदायिक सिकाइ केन्द्रको अलग अलग मूल्याङ्कन गर्ने |
| पोर्टफोलियो समीक्षा (Portfolio Review) | क) परिचालकले तयार पारेका प्रतिवेदन, सफलताका कथा (Success Stories) र सिर्जनात्मक कार्य, संस्थाको अभिलेखीकरण र दस्तावेजीकरणको अवस्थालाई आधार बनाएर परिचालक र सामुदायिक सिकाइ केन्द्रको अलग अलग मूल्याङ्कन गरिने |

## १५. मूल्याङ्कन स्तर

सामुदायिक सिकाइ केन्द्र र तिनका परिचालकहरूको सक्षमता र कार्यसम्पादनका साथै सामुदायिक सिकाइ केन्द्रको न्यूनतम सक्षमता मूल्याङ्कन गर्दा स्तर निर्धारण गर्नाले कमजोरी र बलियो पक्ष स्पष्ट हुन्छ। तत्पश्चात सामुदायिक सिकाइ केन्द्र र

परिचालकका लागि क्षमता विकास तालिम वा प्रशिक्षण दिन सजिलो हुन्छ । परिचालकको क्षमता मूल्याङ्कन गर्ने देहायबमोजिम तीन मुख्य स्तर प्रस्तुत गरिएको छ:

**क) आधारभूत (Basic)**

- परिचालक र सामुदायिक सिकाइ केन्द्रले आवश्यक न्यूनतम ज्ञान, सिप र व्यवहार देखाउँछन् ।
- कार्यक्रम सञ्चालनमा सीमित भूमिका निर्वाह गर्न सक्षम हुन्छन् र सामान्य गतिविधि मात्र सम्पन्न गर्न सक्छन् ।
- सक्षमता सुधार र थप तालिमको आवश्यकता उच्च हुन्छ ।

**उदाहरण:** पाठ्यक्रम तथा कार्यक्रमको आधारभूत जानकारी बुझ्ने, सामान्य गतिविधि सञ्चालन गर्न सक्ने तर सेवाग्राही सहभागीको समग्र आवश्यकतामा ध्यान दिन सीमित क्षमता भएको अवस्था

**ख) मध्यम (Proficient)**

- परिचालक र सामुदायिक सिकाइ केन्द्रले ज्ञान, सिप र व्यवहारलाई कार्यमा प्रभावकारी रूपमा प्रयोग गर्न सक्षम हुन्छन् ।
- कार्यक्रम योजना सञ्चालनमा सहभागीको संलग्नता सुनिश्चित गर्न सक्छन् र सामान्य समस्याको समाधान गर्न सक्ने क्षमता हुन्छ ।
- निरन्तर अनुगमन र सीमित सल्लाह आवश्यक पर्न सक्छ ।

**उदाहरण:** विभिन्न कार्यक्रम योजना र सत्र योजना तयार पार्ने, सहभागीको सक्रियता सुनिश्चित गर्ने, समूह गतिविधि सञ्चालन र योजना कायान्वयनको सामान्य मूल्याङ्कन गर्न सक्षम अवस्था

**ग) उच्च (Advanced)**

- सामुदायिक सिकाइ केन्द्र र परिचालकले योजना कार्यान्वयनमा ज्ञान, सिप, व्यवहार र कार्यसम्पादनको उच्च स्तर देखाउँछन् ।
- कार्यक्रम सञ्चालन प्रभावकारी, सेवाग्राही एवम् सहभागी केन्द्रित र परिणाममुखी हुन्छ ।
- अन्य सामुदायिक सिकाइ केन्द्र र परिचालकको कार्य सञ्चालनमा मार्गदर्शन र तालिममा सहयोग गर्न सक्षम हुन्छन् ।

**उदाहरण:** तथ्याङ्क र आवश्यकता अध्ययनमा अधारित कार्ययोजनाका साथै जटिल समस्या समाधान गर्ने, नवीन सिकाइ विधि प्रयोग गर्ने, गुणस्तरीय अनुगमन र सुधार कार्य प्रभावकारी रूपमा सञ्चालन गर्ने क्षमता

उल्लिखित **सामुदायिक सिकाइ केन्द्रको न्यूनतम सक्षमता**का आधारमा अनुसूची १ मा रहेको मूल्याङ्कन फाराम प्रयोग गरी सामुदायिक सिकाइ केन्द्रको स्तर निर्धारण गरिने छ ।

## १६. सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण र परिचालकको क्षमता विकाससम्बन्धी पाठ्यक्रम

सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण र परिचालकको सक्षमता विकासका लागि गुणस्तरीय पाठ्यक्रमको आवश्यकता पर्छ । पाठ्यक्रमले न्यूनतम सक्षमता पूरा गर्नका लागि आवश्यक विषयवस्तु समेटेको हुनुपर्छ । पाठ्यक्रमका आधारमा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ । विशेष गरी सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन र परिचालकको पेसागत दक्षता अभिवृद्धि गर्ने समसामयिक विषयवस्तु समेटेर प्याकेज, मार्गदर्शन सामग्री, सन्दर्भ सामग्री विकास गर्दै

सहजीकरण गर्न आवश्यक हुन्छ। यसका लागि सङ्घ, प्रदेश र स्थानीय तहका साथै विकास साझेदार संस्थाहरूसँग पनि समन्वय, सहकार्य र साझेदारी गर्नुपर्ने हुन्छ। पाठ्यक्रममा हुनुपर्ने न्यूनतम क्षेत्र र पक्ष देहायबमोजिम उल्लेख गरिएको छः

| क्र.सं. | क्षेत्र | पाठ्यक्रममा हुनुपर्ने न्यूनतम पक्ष |
|---|---|---|
| १ | सामुदायिक सिकाइ केन्द्रको अवधारणा र भूमिका | • सामुदायिक सिकाइ केन्द्रको अवधारणा र उद्देश्य |
| | | • सामाजिक रूपान्तरणमा सामुदायिक सिकाइ केन्द्रको भूमिका |
| | | • औपचारिक र अनौपचारिक शिक्षासँगको सम्बन्ध |
| | | • व्यवस्थापन समिति र परिचालकको कार्य |
| २ | कानुनी तथा नीतिगत व्यवस्था | • सामुदायिक सिकाइ केन्द्र सम्बन्धी ऐन/नीति/मापदण्ड |
| | | • स्थानीय तहको भूमिका र दायित्व |
| | | • दर्ता, नवीकरण र प्रतिवेदन व्यवस्था |
| ३ | योजना तथा कार्यक्रम विकास | • आवश्यकता पहिचान (Needs Assessment) |
| | | • वार्षिक योजना तयार गर्ने सिप |
| | | • परिणाममुखी कार्यक्रम डिजाइन |
| | | • मापदण्डमा उल्लिखित काममा आधारित प्रस्तावना विकास क्षमता |
| ४ | शिक्षा, स्वास्थ्य तथा अनौपचारिक शिक्षा | • वयस्क सिकाइ सिद्धान्त |
| | | • सहभागी र अनुभवजन्य सिकाइ विधि |
| | | • बहुभाषिक र सन्दर्भगत सिकाइ विधि |
| | | • आजीवन सिकाइका कार्यक्रमहरूको सञ्चालन तथा व्यवस्थापन |
| | | • मनोसामाजिक स्वास्थ्य |
| ५ | सिकाइ सहजीकरण सिप | • कक्षा व्यवस्थापन |
| | | • अन्तरक्रियात्मक शिक्षण विधि |
| | | • समूहकार्य र छलफल सञ्चालन |
| ६ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) | • लैङ्गिक समानता र सामाजिक समावेशीकरण |
| | | • दलित, सीमान्तकृत र अपाङ्गतामैत्री अभ्यास |
| | | • भेदभावरहित सिकाइ वातावरण |
| ७ | डिजिटल तथा सूचना साक्षरता | • आधारभूत डिजिटल सिप |
| | | • सिकाइमा ICT को प्रयोग |
| | | • सामुदायिक सिकाइ केन्द्रमा रहनुपर्ने सूचनाको व्यवस्थापन |
| | | • NFE EMIS प्रयोग र तथ्याङ्क अद्यावधिक |
| ८ | अनुगमन, मूल्याङ्कन, प्रतिवेदन र अभिलेखीकरण | • कार्यक्रम अनुगमन विधि |
| | | • सिकाइ उपलब्धि मूल्याङ्कन |
| | | • प्रतिवेदन लेखन सिप |
| | | • दस्तावेजहरूको अभिलेखीकरण, सुरक्षण र संरक्षण |
| ९ | वित्तीय व्यवस्थापन | • बजेट योजना |
| | | • खर्च अभिलेख राख्ने |

| क्र.सं. | क्षेत्र | पाठ्यक्रममा हुनुपर्ने न्यूनतम पक्ष |
|---|---|---|
| | | • वित्तीय पारदर्शिता र उत्तरदायित्व |
| | | • बैङ्क तथा वित्तीय खाता सञ्चालन |
| | | • लेखा व्यवस्थापन सिप |
| | | • लेखापरीक्षण र सामाजिक परीक्षण |
| १० | स्रोत परिचालन र साझेदारी | • स्थानीय स्रोत पहिचान |
| | | • साझेदार संस्थासँग सहकार्य |
| | | • वैकल्पिक आय/स्वःआर्जन अवधारणा |
| ११ | सामुदायिक परिचालन | • समुदायसँग समन्वय |
| | | • सेवाग्राही संलग्नता |
| | | • स्थानीय स्वामित्व प्रवर्द्धन |
| १२ | नेतृत्व र व्यवस्थापकीय सिप | • नेतृत्व विकास |
| | | • निर्णय क्षमता |
| | | • समस्या समाधान सीप |
| | | • बैठक सहजीकरण र निर्णय लेखन सिप |
| १३ | जलवायु परिवर्तन र दिगोपन | • जलवायु सचेतना |
| | | • हरित अभ्यास |
| | | • दिगो विकास अवधारणा |
| १४ | व्यावसायिक आचारसंहिता | • पेसागत नैतिकता |
| | | • जवाफदेही |
| | | • सेवाग्राहीमैत्री व्यवहार |

उल्लिखित विषय क्षेत्रका साथै सामुदायिक सिकाइ केन्द्र र सामुदायिक सिकाइ केन्द्रका कर्मचारीहरूलाई स्थानीय तहले आफ्नो स्थानीय आवश्यकताका आधारमा आवश्यक नीति नियम, कार्यविधि स्वीकृत गरी सक्षमता विकास कार्यक्रमहरू सञ्चालन गर्न सक्ने छन्।

## १६. निष्कर्ष

नेपालमा सामुदायिक सिकाइ केन्द्रलाई अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको थलो (Learning Hub) को रूपमा विकास गर्न खोजिएको छ। सामुदायिक सिकाइ केन्द्रहरूले आजीवन सिकाइ, प्रौढ साक्षरता, जीवनोपयोगी सिप विकास र सामाजिक समावेशितामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्। तर गुणस्तर, पहुँच र सक्षमतामा असमानता देखिनुले सामुदायिक सिकाइ केन्द्रको प्रभावकारितामा प्रश्नहरू उठ्दै गएको देखिन्छ।

यस सहजीकरण पुस्तिकाले सामुदायिक सिकाइ केन्द्रहरूको सक्षमता विकास, न्यूनतम र अपेक्षित अवस्था, GESI संवेदनशीलता, सङ्कट प्रतिकार्यशीलता र दिगोपन सुनिश्चित गर्न आवश्यक मार्गदर्शन प्रस्तुत गर्छ। सङ्घ, प्रदेश, स्थानीय तह र साझेदार संस्थाबिचको समन्वय, सहकार्य, योजना निर्माण, अनुगमन र स्रोत परिचालनलाई स्पष्ट बनाएर सामुदायिक सिकाइ केन्द्रहरूलाई समुदायको आजीवन सिकाइ र सूचना केन्द्रको रूपमा सुदृढ बनाउने लक्ष्यका साथ यो सहजीकरण पुस्तिका विकास भएको हो।

यस पुस्तिकाले सामुदायिक सिकाइ केन्द्र र परिचालकको सेवा प्रवाह प्रभावकारी, उत्तरदायी र परिणाममुखी बनाउँदै स्थानीय स्तरमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको गुणस्तर अभिवृद्धि गर्न सहयोग पुऱ्याउने छ। स्थानीय तहले यस पुस्तिकाका मूल मान्यताहरूलाई आत्मसाथ गर्दै सन्दर्भअनुसार परिमार्जन गरी कार्यान्वयन गर्न सक्ने छ।

यस सहजीकरण पुस्तिकाले सामुदायिक सिकाइ केन्द्रका परिचालकहरूलाई व्यावसायिक बनाउनुका साथै समुदायको विकासमा उनीहरूको भूमिकालाई स्पष्ट पार्ने छ। यसको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय सरकार र शिक्षा सम्बद्ध निकायहरूले नियमित तालिम र प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ।

## अनुसूची १

### सामुदायिक सिकाइ केन्द्रको मूल्याङ्कन फाराम

| सक्षमकारी क्षेत्र | क्रसं | सूचक | मूल्याङ्कन अङ्क | | पुस्ट्याइँ गर्ने कागजपत्र (छ /छैन) |
|---|---|---|---|---|---|
| | | | भएको (१) | नभएको (०) | |
| कानुनी आधार | १ | अनुमति प्राप्त र नियमित अद्यावधिक | | | |
| भौतिक पूर्वाधार | २ | कार्यालय सञ्चालन कक्ष कम्तीमा एकओटा | | | |
| | ३ | अध्ययन कक्षसहितको वाचनालय वा पुस्तकालय एकओटा | | | |
| | ४ | सूचना, सञ्चार, प्रविधि (कम्प्युटर, इन्टरनेट, प्रिन्टर, मल्टिमिडिया एकएक सेटसहित) कम्तीमा एकओटा कक्ष | | | |
| | ५ | सिकाइ कक्ष एकओटा | | | |
| | ६ | शौचालय (पुरुष, महिला, अपाङ्गमैत्री) एकओटा | | | |
| | ७ | शुद्ध खानेपानीको व्यवस्था | | | |
| | ८ | पर्याप्त प्रकाश/हावा पुग्ने कोठा | | | |
| | ९ | नियमित मर्मत सम्भार हुने गरेको | | | |
| | १० | सूचना तथा सञ्चार प्रविधियुक्त भई सामुदायिक सूचना केन्द्र भवन | | | |
| व्यवस्थापन समिति र साधारण सभा | ११ | प्रत्येक चार वर्षमा व्यवस्थापन समिति गठन हुने गरेको | | | |
| | १२ | कम्तीमा १०० जना साधारण सदस्य | | | |
| | १३ | व्यवस्थापन समितिको कम्तीमा महिनाको एकपटक बैठक बस्ने | | | |
| | १४ | वर्षको एकपटक साधारण सभा | | | |

| सक्षमकारी क्षेत्र | क्रसं | सूचक | मूल्याङ्कन अङ्क | | पुस्ट्याइँ गर्ने कागजपत्र (छ /छैन) |
|---|---|---|---|---|---|
| | | | भएको (१) | नभएको (०) | |
| | १५ | तोकिएको कार्यविवरणअनुसार कार्यसम्पादन | | | |
| | १६ | वार्षिक योजना र कार्यक्रम व्यवस्थापन समितिले तय गर्ने | | | |
| | १७ | अभिलेख व्यवस्थापन र स्पष्ट जिम्मेवारी बाँडफाँट | | | |
| परिचालक र जनशक्ति | १८ | परिचालक कम्तीमा १२ कक्षा उत्तीर्ण | | | |
| | १९ | कम्तीमा एक जना सहजकर्ता | | | |
| | २० | अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी तालिम प्राप्त | | | |
| सिकाइ कार्यक्रम | २१ | वर्षमा कम्तीमा एउटा रोजगारमूलक सिप कार्यक्रम | | | |
| | २२ | वर्षमा कम्तीमा एउटा अनौपचारिक तथा वैकल्पिक शिक्षा र आजीवन सिकाइ कार्यक्रम | | | |
| | २३ | वार्षिक सिकाइ योजना बनाएको | | | |
| | २४ | वर्षमा कम्तीमा एउटा आवश्यकतामा आधारित कार्यक्रम | | | |
| सिकाइ सामग्री/सिकाइ पूर्वाधार | २५ | सूचना तथा सञ्चार प्रविधिको व्यवस्था र प्रयोगको सुनिश्चितता (कम्प्युटर, इन्टरनेट, मल्टिमिडिया कम्तीमा एकएक सेट) | | | |
| | २६ | सञ्चालित कार्यक्रमका लागि अध्ययन कक्षसहित न्यूनतम पाठ्य तथा सन्दर्भ पुस्तकसहितको एउटा पुस्तकालय | | | |
| | २७ | उपयुक्त सिकाइ वातावरणसहितको कक्षाकोठाको व्यवस्थापन | | | |
| | २८ | स्मार्ट बोर्ड | | | |
| | २९ | सञ्चालित कार्यक्रमको पाठ्यक्रम, सिकाइ सामग्री | | | |
| | ३० | सामग्री सुरक्षित भण्डारण | | | |
| | ३१ | आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय | | | |
| | ३२ | पाठ्य/सन्दर्भ पुस्तकसहितको पुस्तकालय | | | |
| आर्थिक स्रोत | ३३ | सङ्घीय सरकारको अनुदान | | | |

| सक्षमकारी क्षेत्र | क्रसं | सूचक | मूल्याङ्कन अङ्क | | पुस्ट्याइँ गर्ने कागजपत्र (छ /छैन) |
|---|---|---|---|---|---|
| | | | भएको (१) | नभएको (०) | |
| | ३४ | स्थानीय तहबाट बजेट व्यवस्था | | | |
| | ३५ | वडा कार्यालयको नियमित सहयोग | | | |
| | ३६ | कार्यक्रममा सामुदायिक साझेदारी | | | |
| | ३७ | प्रदेश सरकारको अनुदान | | | |
| | ३८ | सार्वजनिक निजी साझेदारी | | | |
| सामुदायिक सहभागिता | ३९ | सेवाक्षेत्र भएको वडाका घरधुरीमध्ये गाउँपालिकामा कम्तीमा पचास जना र नगरपालिकामा कम्तीमा एक सय जना सदस्यता कायम भएको | | | |
| | ४० | न्यूनतम एउटा वडा सेवाक्षेत्र हुनुपर्ने | | | |
| | ४१ | योजना तथा कार्यक्रम निर्माणमा सामुदायिक सहभागिता | | | |
| | ४२ | समुदायसँग सहयोग र समन्वय | | | |
| समावेशिता | ४३ | दलित, जनजातिको प्रतिनिधित्व सुनिश्चत हुने गरी समावेशी व्यवस्थापन समिति | | | |
| | ४४ | योजना निर्माण र कार्यान्वयनमा समावेशिता | | | |
| | ४५ | कम्तीमा महिला ३३ प्रतिशत सहभागिता | | | |
| | ४६ | कार्यक्रममा दलित/सीमान्तकृत समुदायको पहुँच | | | |
| सूचना तथा तथ्याङ्क | ४७ | सेवाक्षेत्रको साक्षरता नक्साङ्कन तथा उमेरअनुसार समूहगत तथ्याङ्क | | | |
| | ४८ | बिचैमा पढाइ छाडेका विद्यालय उमेर समूहका बालबालिका | | | |
| | ४९ | सेवा क्षेत्रभित्रका विद्यालय उमेर समूहका विद्यालयमा अध्ययनरत र विद्यालयबाहिरका जनसङ्ख्या | | | |
| | ५० | सेवा क्षेत्रभित्र अवस्थित शिक्षण संस्थाको विवरण | | | |
| | ५१ | बैङ्क, वित्तीय समेतका सरकारी तथा गैरसरकारी सङ्घ संस्थाको विवरण | | | |

| सक्षमकारी क्षेत्र | क्रसं | सूचक | मूल्याङ्कन अङ्क | | पुस्ट्याइँ गर्ने कागजपत्र (छ /छैन) |
|---|---|---|---|---|---|
| | | | भएको (१) | नभएको (०) | |
| | ५२ | सेवा क्षेत्रभित्रका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्त्विक सम्पदा तथा स्थलको विवरण | | | |
| | ५३ | सेवा क्षेत्रको जनसाङ्ख्यिक विवरण | | | |
| | ५४ | सेवा क्षेत्रअन्तर्गत रहेका जनशक्तिको सिप नक्साङ्कन | | | |
| | ५५ | सेवा क्षेत्रभित्र उपलब्ध सार्वजनिक सेवा सुविधाको विवरण | | | |
| | ५६ | अपाङ्गताको प्रकृति अनुसार अपाङ्गता भएका बालबालिका | | | |
| | ५७ | आधारभूत तथा माध्यमिक तहमा अध्ययनरत दलित बालबालिका | | | |
| | ५८ | अभिभावक पहिचान नभएका वा पत्ता नलागेका बालबालिका | | | |
| | ५९ | सहिद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द्वपीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरी | | | |
| | ६० | विद्यालयमा अध्ययन गर्ने अवसर नपाएका वा अध्ययन गर्ने क्रममा बिचैमा पढाइ छाडेका विद्यालय उमेर समूहका बालबालिका | | | |
| | ६१ | रोजगारमूलक सिप विकास तालिम तथा कार्यक्रममा सहभागी हुन चाहनेको विवरण | | | |
| | ६२ | नियमित NFE EMIS अद्यावधिक | | | |
| | ६३ | सेवा क्षेत्रभित्रका नागरिकको शैक्षिक जनशक्तिको विवरण | | | |
| | ६४ | घरधुरी खण्डीकृत तथ्याङ्क | | | |
| वित्तीय व्यवस्थापन | ६५ | सामुदायिक सिकाइ केन्द्रको वार्षिक कार्यक्रम, बजेट तथा कार्य योजना साधारण सभाबाट पारित | | | |
| | ६६ | स्थायी लेखा नम्बर प्राप्त | | | |
| | ६७ | वार्षिक लेखापरीक्षण | | | |
| | ६८ | सामाजिक परीक्षण | | | |

| सक्षमकारी क्षेत्र | क्रसं | सूचक | मूल्याङ्कन अङ्क | | पुस्ट्याइँ गर्ने कागजपत्र (छ /छैन) |
|---|---|---|---|---|---|
| | | | भएको (१) | नभएको (०) | |
| | ६९ | बैङ्क खातामार्फत कारोवार | | | |
| | ७० | वित्तीय पारदर्शिता | | | |
| | ७१ | दोहोरो लेखा प्रणालीमा आधारित लेखा व्यवस्थापन | | | |
| | ७२ | आर्थिक ऐन नियमको परिपालना | | | |
| | ७३ | बैङ्किङ प्रणालीबाट भुक्तानी | | | |
| | ७४ | आन्तरिक लेखापरीक्षण | | | |
| | ७५ | वार्षिक आर्थिक प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था | | | |
| अनुगमन, प्रतिवेदन र अभिलेखीकरण | ७६ | स्थानीय तहबाट वर्षमा कम्तीमा तीन पटक नियमित अनुगमन | | | |
| | ७७ | स्थानीय तहलाई त्रैमासिक नियमित प्रतिवेदन | | | |
| | ७८ | प्रत्येक वर्ष गरेका कार्यक्रम र उपलब्धि, आगामी वर्षको कार्यक्रम, बजेट र गतिविधि समावेश गरी वार्षिक प्रतिवेदन तयार | | | |
| | ७९ | वार्षिक प्रतिवेदन, लेखापरीक्षण र सामाजिक परीक्षण प्रतिवेदन आ.व. समाप्त मितिले सात दिनभित्र स्थानीय तहमा पेस | | | |
| | ८० | आवश्यकतानुसार र नियमित अनुगमन | | | |
| | ८१ | त्रैमासिक/वार्षिक प्रतिवेदन | | | |
| | ८२ | सुझावअनुसार सुधार | | | |
| | ८३ | गुनासो सुनुवाइ प्रणाली सञ्चालन भएको | | | |
| | ८४ | सासिकेका महत्त्वपूर्ण दस्तावेजहरू हार्ड र सफ्टकपीका रूपमा अभिलेख व्यवस्था | | | |
| | | **जम्मा** | | | |